# कोशी प्रदेश सार्वजनिक खरिद नियमावली, २०८३

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ७४ ले दिएको अधिकार प्रयोग गरी कोशी प्रदेश सरकारले देहायका नियमहरु बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरुको नाम "कोशी प्रदेश सार्वजनिक खरिद नियमावली, २०८३" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "एक तह माथिको अधिकारी" भन्नाले कार्यालय प्रमुखको हकमा विभागिय प्रमुख, विभागीय प्रमुखको हकमा सचिव र सचिवको हकमा सम्बन्धित विभागीय मन्त्री वा राज्यमन्त्री, अन्य सार्वजनिक निकायको हकमा खरिद गर्ने निकाय भन्दा एक तह माथिको निकाय भए त्यस्तो निकायको प्रमुखलाई सम्झनु पर्छ र त्यस्तो निकाय नभएको अवस्थामा त्यस्तो निकायको सञ्चालक समिति वा यस्तै अन्य निकाय सम्झनु पर्छ।

(ख) "ऐन" भन्नाले सार्वजनिक खरिद ऐन, २०६३ सम्झनु पर्छ।

(ग) "प्रदेश" भन्नाले कोशी प्रदेशलाई सम्झनु पर्छ।

(घ) "मन्त्रालय" भन्नाले प्रदेश सरकारको विषयगत मन्त्रालय सम्झनु पर्छ र सो शब्दले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेतलाई जनाउँछ।

(ङ) "विभागीय प्रमुख" भन्नाले प्रदेश सरकार अन्तर्गतको कुनै निकायमा कार्यरत अधिकृतस्तर एघारौं तह वा सो सरहको पदाधिकारीलाई सम्झनु पर्छ र सो शब्दले विभागीय प्रमुख नभएको सार्वजनिक निकायको हकमा मन्त्रालयको सचिवलाई समेत जनाउँछ।

(च) "सचिव" भन्नाले प्रदेश सरकार अन्तर्गतका सार्वजनिक निकायमा प्रदेश सचिवको रुपमा कार्यरत कर्मचारीलाई सम्झनु पर्छ।

(छ) "सार्वजनिक निकाय" भन्नाले देहायका निकाय सम्झनु पर्छः

(१) प्रदेश सरकारका मन्त्रालय, सचिवालय, आयोग, निर्देशनालय वा सो अन्तर्गतका अन्य जुनसुकै सरकारी कार्यालय वा निकाय,

(२) प्रदेश कानुन बमोजिम गठित प्रदेश सरकारको पूर्ण वा अधिकांश स्वामित्व वा नियन्त्रणमा रहेको प्राधिकरण, प्रतिष्ठान, बोर्ड, केन्द्र, परिषद, संस्थान, कम्पनी, निगम, समिति वा यस्तै प्रकृतिका अन्य संगठित संस्था,

(३) प्रदेश सरकारद्वारा सञ्चालित वा प्रदेश सरकारको पूर्ण वा अधिकांश अनुदान प्राप्त विश्वविद्यालय, अनुसन्धान केन्द्र वा यस्तै प्रकृतिका अन्य प्राज्ञिक वा शैक्षिक संस्था,

(४) प्रदेश सरकारको ऋण वा अनुदानमा सञ्चालित संस्था,

(५) प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी सार्वजनिक निकाय भनी तोकेको अन्य संस्था।

३. लागत अनुमानको स्वीकृतिः (१) निर्माण कार्य, मालसमान खरिद र अन्य सेवा खरिदको लागत अनुमान देहायको अधिकारीबाट स्वीकृत हुनु पर्नेछः

(क) पाँच करोड रूपैयाँसम्मको लागत अनुमान अधिकृतस्तर सातौं/आठौं तह वा सो सरहको कार्यालय प्रमुखबाट,

प्रमुख सचिव

प्रदेश सचिव

प्रमुख सचिव

(ख) दश करोड रूपैयाँसम्मको लागत अनुमान अधिकृतस्तर नवौं/दशौं तह वा सो सरहको कार्यालय प्रमुखबाट,

(ग) पन्ध्र करोड रूपैयाँ सम्मको लागत अनुमान विभागीय प्रमुखबाट, र

(घ) पन्ध्र करोड भन्दा बढी रकमको लागत अनुमान सचिवबाट।

(२) परामर्श सेवाको लागत अनुमान देहायको अधिकारीबाट स्वीकृत हुनु पर्नेछः

(क) बीस लाख रूपैयाँसम्मको लागत अनुमान अधिकृतस्तर सातौं/आठौं तह वा सो सरहको प्रमुखबाट,

(ख) पचास लाख रूपैयाँसम्मको लागत अनुमान अधिकृतस्तर नवौं/दशौं तह वा सो सरहको प्रमुखबाट,

(ग) एक करोड रूपैयाँसम्मको लागत अनुमान विभागीय प्रमुखबाट, र

(घ) एक करोड रूपैयाँ भन्दा बढी रकमको लागत अनुमान सचिवबाट।

(३) सार्वजनिक निकायको प्रमुख आफैंले यस नियम बमोजिम लागत अनुमान स्वीकृत गर्न नमिल्ने भएमा एक तह माथिको अधिकारीबाट स्वीकृत गराउनु पर्नेछ।

(४) उपनियम (१) र उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि मन्त्रालय, सचिवालय वा यस्तै प्रकृतिका अन्य कार्यालयका सचिव वा प्रशासकीय प्रमुखले आफ्नो कार्यालयका लागि गरिने जतिसुकै रकमको लागत अनुमान स्वीकृत गर्न सक्नेछ।

४. <u>बोलपत्र स्वीकृत गर्ने अधिकारीः</u> (१) देहायको रकमको बोलपत्र स्वीकृत गर्ने अधिकार देहायका अधिकारीलाई हुनेछः

(क) पाँच करोड रूपैयाँ सम्मको बोलपत्र अधिकृतस्तर सातौं/आठौं तह वा सो सरहको प्रमुखबाट,

(ख) दश करोड रूपैयाँ सम्मको बोलपत्र अधिकृतस्तर नवौं/दशौं तह वा सो सरहको प्रमुखबाट,

(ग) पन्ध्र करोड रूपैयाँ सम्मको बोलपत्र विभागीय प्रमुखबाट, र

(घ) पन्ध्र करोड रूपैयाँ भन्दा बढी रकमको बोलपत्र सचिवबाट।

(२) परामर्श सेवाको बोलपत्र देहायको अधिकारीबाट स्वीकृत हुनु पर्नेछः

(क) बीस लाख रूपैयाँ सम्मको बोलपत्र अधिकृतस्तर सातौं/आठौं तह वा सो सरहको प्रमुखबाट,

(ख) पचास लाख रूपैयाँ सम्मको बोलपत्र अधिकृतस्तर नवौं/दशौं तह वा सो सरहको प्रमुखबाट,

(ग) एक करोड रूपैयाँ सम्मको बोलपत्र विभागीय प्रमुखबाट, र

(घ) एक करोड रूपैयाँ भन्दा बढी रकमको बोलपत्र सचिवबाट।

(३) कुनै सार्वजनिक निकायको प्रमुखले उपनियम (१) र (२) बमोजिम बोलपत्र आफैले स्वीकृत गर्न नमिल्ने भएमा एक तह माथिको अधिकारीबाट स्वीकृत गराउनु पर्नेछ।

५. <u>भेरिएसन आदेशः</u> (१) सार्वजनिक निकायले भेरिएसन आदेश जारी गर्नुपर्दा ऐन र सार्वजनिक खरिद नियमावली, २०६४ मा उल्लेख भए बमोजिमको व्यवस्था पालना गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिमको भेरिएसन आदेश जारी गर्दा खरिद सम्झौता गर्दाको बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सम्झौता कार्यान्वयनको क्रममा सिर्जना भएमा सोको स्पष्ट

प्रदेश सचिव

कारण खुलाई देहाय बमोजिमको अधिकारीले तोकिएको कार्यविधि अपनाई भेरिएसन आदेश जारी गर्न सक्नेछः

(क) पाँच प्रतिशत सम्मको भेरिएसन आदेश सम्बन्धित सार्वजनिक निकायको अधिकृतस्तर सातौं/आठौं तह वा सो सरहको प्रमुखले,

(ख) दश प्रतिशत सम्मको भेरिएसन आदेश सम्बन्धित सार्वजनिक निकायको अधिकृतस्तर नवौं/दशौं तह वा सो सरहको प्रमुखले,

(ग) पन्ध्र प्रतिशत सम्मको भेरिएसन आदेश सम्बन्धित विभागीय प्रमुखले, र

(घ) पन्ध्र प्रतिशत भन्दा माथिको भेरिएसन आदेश सचिवले।

(३) नियम २ को खण्ड (छ) को उपखण्ड (२), (३), (४) र (५) बमोजिमको सार्वजनिक निकायको हकमा पन्ध्र प्रतिशतसम्म सम्बन्धित निकायको प्रमुखले र पन्ध्र प्रतिशत देखि माथिको भेरिएसन आदेश सो निकायको एक तह माथिको अधिकारीले।

(४) भेरिएशन आदेश जारी गर्ने अधिकारीले विशेषज्ञहरुको समूह गठन गरी सो समूह मार्फत आवश्यक जाँचबुझ गराई प्राप्त सिफारिसको आधारमा भेरिएशन आदेश जारी गर्न सक्नेछ।

६. <u>सोझै बार्ताबाट खरिद गर्न सक्ने:</u> ऐनको दफा ४१ को उपदफा (१) को खण्ड (ख), (ङ) र (च) बमोजिम खरिद गर्दा ऐनको दफा २ को खण्ड (ख) को उपखण्ड (१) बमोजिमको प्रदेश सरकारका मन्त्रालय, सचिवालय, आयोग, विभाग, निर्देशनालय वा सो अन्तर्गतका अन्य जुनसुकै सरकारी निकाय वा कार्यालयको हकमा देहाय बमोजिमको समितिको सिफारिसको आधारमा प्रदेश सरकार(मन्त्रिपरिषद्) बाट निर्णय भए बमोजिम खरिद गर्नु पर्नेछ र अन्य सार्वजनिक निकायको हकमा सो निकायको एक तह माथिको अधिकारीबाट निर्णय बमोजिम खरिद गर्नु पर्नेछः-

(क) प्रमुख सचिव, कोशी प्रदेश सरकार - संयोजक

(ख) सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय - सदस्य

(ग) सचिव, सम्बन्धित विषयगत मन्त्रालय - सदस्य

(घ) प्रदेश लेखा नियन्त्रक, प्रदेश लेखा नियन्त्रक कार्यालय - सदस्य

७. <u>अवधि थप गर्ने:</u> खरिद सम्झौताको अवधि थप गर्ने सम्बन्धी व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ।

८. <u>नर्म्स सम्बन्धी विशेष व्यवस्था:</u> (१) सार्वजनिक निकायले निर्माण कार्य र परामर्श सेवाको लागत अनुमान तयार गर्दा प्रदेश सरकारबाट स्वीकृत नर्म्स अनुसार गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम प्रदेश सरकारबाट नर्म्स स्वीकृत नभएको अवस्थामा सोही प्रकृतिको काम गर्ने नेपाल सरकारका मन्त्रालय वा विभाग वा निकायबाट स्वीकृत नर्म्सका आधारमा हुनेछ।

९. <u>यसै नियमावली बमोजिम हुने:</u> यस नियमावलीमा उल्लेख गरिएका विषयमा यसै नियमावली बमोजिम र अन्य विषयमा सार्वजनिक खरिद नियमावली, २०६४ तथा अन्य प्रचलित कानून बमोजिम हुनेछ।

१०. <u>खारेजी र बचाउ:</u> (१) प्रदेश सार्वजनिक खरिद नियमावली, २०७७ खारेज गरिएको छ।

(२) प्रदेश सार्वजनिक खरिद नियमावली, २०७७ बमोजिम भए गरेका काम कारवाही यसै नियमावली बमोजिम भए गरेको मानिनेछ।

प्रदेश सचिव